“घोराही उपमहानगरपालिकाको योजना, कार्यक्रम तथा सार्वजनिक सेवा, सुविधाको प्रभावकारिता सम्बन्धमा”

सार्वजनिक सुनुवाई

आ.व ०७७/०७८ पहिलो चौमासीक

कार्यक्रम प्रतिवेदन

ग्रामीण महिला उत्थान केन्द्र
घोराही, दाङ

घोराही उपमहानगरपालिका,
दाङ

१. भूमिका

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन् । जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय निकायहरुलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यिनै अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय निकायहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय तहहरुले एक आ.व. मा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीनपटक गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । तीनै व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय निकायहरु खास गरी गाउँ तथा नगरपालिकाहरुले वर्षको तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस घोराही उपनगरपालिकाले आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न ग्रामीण महिला उत्थान केन्द्रलाई जिम्मेवारी दिएको सन्दर्भमा यस संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

२. सार्वजनिक सुनुवाईको औचित्य

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले हरेक स्थानीय तहले आफ्नो संस्थाले वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको वर्षको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । घोराही उपनगरपालिकामा आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य घोराही उपमहानगरपालिकाबाट आ.व २०७७/०७८ को पहिलो चौमासिक अवधिमा उपनगरपालिकाका नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो ।

५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :

घोराही उपमहानगरपालिका आ.व. २०७७/०७८ को पहिलो चौमासिक अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०७७ साल मंसिर १४ गतेका दिन उपमहानगरपालिकाको सभाहलमा कार्यक्रम आयोजना गरिएको थियो । बिहान ११ बजे शुरु भएको यो कार्यक्रम दिउँसो २ बजे सकिएको थियो ।

६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले घोराही उपमहानगरपालिकाले ग्रामीण महिला उत्थान केन्द्रसँग सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो । कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पूर्व ७९ जना सेवाग्राहीहरुसँग नागरीक अभिमत र ७५ जना सेवाग्राहीसँग वहिर्गमन मत सर्वेक्षण गरिएको थियो ।

७. उठेका प्रश्न र जिज्ञासा र उत्तर :

मिति : २०७७/०८/१४

क.सं.	प्रश्नकर्ताको नाम, थर, ठेगाना	सहभागीको प्रश्न/ गुनासो/सुझाव	जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना	जवाफको छोटकरी व्यहोरा
१	भुवन चौधरी, घोराही-१६,भगवानपुर	• सार्वजनिक सुनुवाई कार्यक्रमको सैद्धान्तिक पक्षमा सुधार गर्नु पर्ने • घोराही उमपाको सुचना अधिकारी भिम बहादुर चौधरीले प्रस्तुत गर्नु भएको प्रगति प्रतिवेदन समीक्षात्मक तरिकाको भएको । • सार्वजनिक सुनुवाई कार्यविधि-२०६७, अनुसार SWOT Analysis सिद्धान्तको आधारमा प्रतिवेदन पेश गर्नु पर्ने । • सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण गर्ने संस्था ग्रामीण महिला उत्थान केन्द्रले प्रस्तुत गरेको नागरिक प्रतिवेदन पत्र र बर्हिगमन अभिमतको प्रतिवेदन Generalise नभएकोले सेवाग्राहीहरुले बुझ्न असजिलो भएको । • सेवाग्राहीहरुको मत संकलन गर्दा ग्रामीण तथा शहरी क्षेत्र, उमेर समुह, लैंगिक आधार तथा शैक्षिक स्तर अनुसारको सेवाग्राही छनौट गरेर मत संकलन गर्दा उचित हुने ।	**ऋषिराम के.सी. (प्रमुख प्रशासकिय अधिकृत, घोराही उपमहानगरपालिका)**	• कोभिड-१९ को प्रभावको कारणले सेवाग्राहीहरुको उपस्थिति नभएको • सरकारी सेवामा नागरिकहरुको प्रत्यक्ष सहभागिता हुन आवश्यक • सहजीकरण गर्ने संस्थाले तयार पारेको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमतमा मध्यस्थकर्ता र ठूलाबडा भन्ने शब्द राखेको कुरा अलि नसुहाएको • मध्यस्थताबाट आएको गुनासोलाई सम्बोधन गर्न गाह्रो हुने • असन्तुष्ट भन्ने प्रतिशतलाई कर्मचारी र जन प्रतिनिधहरु मिलेर कम गराउने प्रतिबद्धता व्यक्त • उपमहानगरपालिकाले गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने • अगामी दिनमा SWOT Analysis गरेर सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने •

२	प्रकाशचन्द्र घिमिरे, मानव अधिकार रक्षक सञ्जाल	• सार्वजनिक सुनुवाई कार्यक्रम अन्य सबै वडाहरुमा पनि राख्नु पर्ने • फोहर संकलन तथा व्यवस्थापन व्यवस्थित हुनु पर्ने • नगरपालिकाको फोहर बोक्ने सवारी साधन वडाको विभिन्न टोल बस्तीहरुमा जाँदा पूर्व जानकारी गराएर जानु पर्ने	**ऋषिराम के.सी. (प्रमुख प्रशासकिय अधिकृत, घोराही उपमहानगरपालिका)**	• हरेक टोलमा फोहर फाल्ने गाडी हप्ताको एक दिन जाने गरेको । यदि नगएको टोलहरुमा गाडी पठाउने व्यवस्था मिलाउने । • नाला सफ ागर्ने काम कार्यपालिकाको बैठकमा छलफल भएको । यस कार्यलाई चाँडै व्यवस्थि तगर्ने ।
४	यादव चौधरी, साझेदारी कार्यक्रम	• घोराही उप-महानगरपालिकाको सार्वजनिक सुनुवाईको गर्ने कार्यविधि के हो त्यसको वारेमा जानकारी सेवाग्राहीहरुलाई गराउनु पर्ने	**भिम बहादुर चौधरी (सूचना अधिकारी, घोराही उपमहानगरपालिका कार्यालय)**	• सार्वजनिक सेवाको कार्यविधिको मस्यौदा तयार भएको, कार्यपालिकामा पेश गरेर अन्तिम रुप दिन बाँकी रहेको । यो कार्य चाँडै सम्पन्न हुने ।
५.	**नागरीक अभिमत संकलनबाट उठेका समस्याहरु** • सबै कर्मचारीहरु मैत्रीपूर्ण व्यवहार गर्नु पर्ने • बाटोमा धेरै खाल्टा खुल्ती भएको हुँदा मर्मतकोको उचित व्यवस्था हुनु पर्ने • कर्मचारीहरु कुरा भन्दा धेरै फाइल तिर ध्यान दिनुपर्ने , सहयोगी व्यवहार देखाउने • समयमा काम पुरा नभएको , एउटा कामको लागि धेरै चोटि आउनु परेको • योजना छनौट गर्दा वडा मार्फत सबै नागरिकलाई जानकारी दिनु पर्ने • कामको लागि आइसकेपछि जति समय सम्म पनि पर्खिनु पर्छ भन्ने व्यबहार सुधार्नु पर्ने • सबै कर्मचारीहरु सहि सुचना दिनुपर्ने • ठुलो राष्ट्रिय झण्डा नभएको • कर्मचारी जनप्रतिनिधि समयमा उपस्थित नभएको		**सीता सिग्देल न्यौपाने (उप-प्रमुख, घोराही उपमहानगरपालिका कार्यालय)**	• कोभिड-१९ को कारणले आ.व. ०७६/०७७ को दोस्रो र अन्तिम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम हुन नसकेको • सहजीकरण गर्ने संस्थालाई नागरिकको अभिमत संकलन गर्ने समय प्रयाप्त नभएकोले नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत प्रतिवेदनमा प्रतिशत नमिलेको • सबै क्षेत्रगत, जातिगत, उमेर समुहका सेवाग्राहीहरुबाट अभिमत संकलन गर्नु पर्ने • कोभिड-१९ को कारणले सीमित सहभागीहरुलाई आमन्त्रण गरिएको तर सेवाग्राहीहरुको उपस्थिति अत्यन्त न्यून रहेको

	• कागज भन्दा पनि योजनाको कार्य मूल्याङ्कन गरेर मात्र भुक्तानी दिनुपर्ने • घोराहीको तलसिपुर चोकमा धुलो र बाटोको समस्याले नगरको सान्दौयता हराएको छ । • गरीब, विपन्नका लागी स्वरोजगार कार्यक्रम व्यवस्था हुनुपर्ने • नागरिक गुनासो सुनिदिने • सबै वडामा समान विकासको काम हुनुपर्ने • धडाको भबन ठुलो र पराकिलो हुनुपर्ने • दिएको कागजात सुरक्षित नराखेको • कोभिड १९ लाइ मध्यनजर गरेर सेनिटाइजर कोठा बाहिर पनि राख्ने व्यवस्था हुनुपर्ने • सेवाग्राहीको अपेक्षा बुझेर समस्या समाधान छिटै गरिनु पर्ने • नगरपालिकामा हुने काम पनि वडामा पठाएर सास्ती भैरहेको • सेवाग्रहीको विवरण अभिलेख राख्नुपर्ने, • सोधपुछ कक्षमा स्पस्त वक्ता हुनुपर्ने • घोराही १८ को गैराबारी टोलमा फोहर फाल्ने गाडी नपुगेको , • नालीको फोहर पानि जम्मा भएर वातावरण प्रदुषित भएको • समयमै मिटर रिडिङ हुनुपर्ने • नागरीकलाई थाहा हुने गरी विकासको काम गर्नुपर्ने • कृषीका लागि सिचाईको राम्रो व्यवस्थापन हुनुपर्ने • हरेक सार्वजनिक कार्यक्रम बारे सिमान्तकृत वर्गलाई थाहा हुनुपर्ने • विपन्न वर्गलाई आवासको सुविधा हुनुपर्ने • अपांगता भएका व्यक्तिहरुलाई उचित औषधी उपचार र भत्ता वृद्धि गर्नुपर्ने • प्रत्येक वडाले सार्वजनिक सुनुवाई गर्नुपर्ने • सबै टोलहरुमा बाटोको निकास हुनुपर्ने • विजुली पोलहरु ४, ५ वर्ष अगाडी देखि ढल्ने अवस्था रहेकोले चाँडै पहल हुनुपर्ने, • घोराही १८ नौलो टोलमा खानेपानिको समस्या रहेको,		• फोहर व्यवस्थापनको सन्दर्भमा प्लाष्टिक जन्य फोहर बस्तुहरु सम्बन्धित वडा/टोलहरुमा संकलन गरेर राख्नु पर्ने • सहजीकरण गर्ने संस्थाले तयार गरेको नागरिक प्रतिवेदनमा उपमहानगरपालिकाका केहि कर्मचारीहरुले पैसा लिएर सेवाग्राहीहरुको काम गरिदिने भन्ने अभिमत आएकोले त्यस्ता अभिमत कसले दिएको हो प्रमाण सहित आएमा त्यस्तो अभिमत गलत सावित भएमा त्यस्ता सेवाग्राहीहरुलाई कारवाही पनि गर्न सकिने सुधार गर्नु पर्ने पक्षहरु नगरपालिकाका सबै प्रतिनिधि तथा कर्मकचारीहरुबाट सुधार गरिने प्रतिबद्धता व्यक्त • अन्य सबै समस्याहरु तत्काल कार्यपालिकाको बैठक बसी समाधानको लागि पहल गर्ने ।

	• सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुले आंचारसंहिता पालना गर्नुपर्ने, • महिला , दलित जनजाति कोटा भनिएता पनि कार्यान्वयन नभएको • वडा नं ६ मा बाटो निर्माण कार्य तिव्र रुपमा हुनुपर्ने • विकास निर्माणका काम सम्पूर्ण वडामा समान रुपले गर्नुपर्ने, • वडा नं १६ रप्ती इन्जिनियरिगं टोलमा बाटोको समस्या रहेको • योजना माग गर्दा वेवास्ता गरिएको • एउटै कामको लागि २, ३ दिन धाउनु परेको, • हरेक टोलमा फोहर फाल्ने गाडी , हरेक हप्ता जानुपर्ने		

८. कार्यक्रमको समापन

यस घोराही उपमहानगरापलिकाको आ.व ०७७/०७८ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नगर उप-प्रमुख सिता सिग्देल न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाइको जवाफदेही बक्ताको रुपमा प्रमुख प्रशासकिय अधिकृत ऋृषीराम केसी, महाशाखा, शाखाका प्रमुखहरु हुनुहुन्थ्यो । घोराही उपमहानगरपालिकाको १९ वडाका वडा अध्यक्षहरुलाई पनि जवाफदेही बक्ताको रुपमा आमन्त्रण गरिएको थियो । त्यस्तै कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, नागरिक समाज, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, उद्योग वाणीज्य संघ, नेपाल पत्रकार महासंघ, आम उपभोक्ता र सर्वसाधरण नागरिक गरी ७५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा घोराही उपमहानगरपालिकाका सुचना अधिकारी भिम बहादुर चौधरीले नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधाका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने ग्रामीण महिला उत्थान केन्द्रको तर्फबाट नागरीक प्रतिवेदन पत्र र नागरीक अभिमत संकलन प्रस्तुत गरिएको थियो ।

९. सहभागीहरुको उपस्थिती



श्री

आज मिति २०७८ साल मंसीर १४ गते आउतवारको दिन घोराही उपमहानगरपालिका का नया उपप्रमुख श्री सीता सिग्देल न्यौपाने ज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७८/७९ को प्रथम चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमका देहाय बमोजिमका महानुभावहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

श्री सीता सिग्देल न्यौपाने - नया उप-प्रमुख

श्री कृष्णराम कैसी - प्रमुख प्रशासकीय अधिकृत

प्रवि न्यौछेपी - कु.ए. ग्रामीण महिला उद्यमी केन्द्र

रजनी ठोहा - पर्वी अधिकृत ग्रामीण महिला उद्यम केन्द्र

[illegible] - नाडापाण खरावा कृषि विकास समूह

पदम प्रसाद शर्मा - [illegible] दिवा सेवा केन्द्र

[illegible] / हिरालाल [illegible] / [illegible]

शिवा चौधरी - मुक्त कामदारी विकास सङ्घ

देवा सुवेदी - सहकारी प्रारम्भ - घोराही

[illegible] (वडा) - वडा नं. १६ - वडा सचिव

चाँदनी भण्डारी - वडा सचिव - १४

पदम प्रसाद रेग्मी - " २

तारापत्ता आचार्य - वडा सचिव २ [illegible]

[illegible] - " १३ "

[illegible] - [illegible]

मधुकृष्ण नेपाल - [illegible]

सरस्वती चौधरी (अध्यक्ष) - [illegible]

[illegible] - [illegible]

माया खत्री - " "

[illegible] चौधरी - घोराही १६ जनज्योतीटोल समूह

[illegible] चौधरी - घोराही १६ वडा अध्यक्ष

प्रकाश चौधरी - प्रेम [illegible] नेपाल वडा [illegible]

[illegible] - [illegible] विकास महाजन

शान्तिराम डाँगी - घोराही १४ वडा अध्यक्ष



[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]

[illegible] - [illegible] - [illegible]



[illegible] - [illegible] - [illegible]

हरिप्रसाद चौधरी - वडा अध्यक्ष वडा नं. ७ घोराही

चित्रा बहादुर सार्की - घोराही वडा नं. ४ वडा अध्यक्ष

प्रेम थापा - [illegible]

पदमबहादुर आँली - वडा सचिव, ४ नं. वडा कार्यालय

[illegible] - वडा सचिव वडा नं. १८

[illegible] - [illegible]

भवन चौधरी - घोराही १६ वडा

[illegible] - घोराही १४ वडा

सपिहा चौधरी - ग्रामीण महिला उद्यम केन्द्र

१०. समाचार तथा फोटो

३ | युगबोध २०७७ साल मंसिर १५ गते सोमवार (Nov.30, 2020)

घोराही उपमहानगरको सार्वजनिक सुनुवाइ

जनगुनासा र असन्तुष्टिहरुलाई सम्बोधन गर्नुपर्नेमा जोड

युगबोध समाचारदाता

घोराही, १४ मंसिर । एक कार्यक्रमका सहभागीहरुले सार्वजनिक चासो र विषयहरुमा जनसहभागिता बढाउनुपर्नेमा जोड दिएका छन् । घोराही उपमहानगरपालिकाको चालु आ.व. ०७७/०७८ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै सहभागीहरुले सरकारीस्तरबाट प्रवाह हुने सेवा र सार्वजनिक महत्वका विषयमा नागरिक सहभागिता बढाउनुपर्ने बताए ।

सरकारी तहबाट हुने विकास निर्माणका कामकारबाहीलाई पारदर्शी बनाउन जनसहभागिता अपरिहार्य भएको सहभागीहरुले बताए । नागरिकहरुलाई प्रदान गरिने सेवासुविधा छिटो-छरितो हुने गरी प्रवाह गर्न जनस्तरबाट उठेका गुनासोहरुलाई सम्बोधन गर्नुपर्नेमा जोड दिए । जनस्तरबाट उठेका गुनासा र सन्तुष्टिहरुलाई आत्मसात र सुधार गरी सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने बताए । स्थानीय सरकारले गर्ने सार्वजनिक सुनवाइ जस्ता महत्वका विषयहरुमा नागरिक तहको सहभागिता बढाउदै त्यसबाट आएका असन्तुष्टिहरुलाई सम्बोधन गर्नुपर्नेमा उनीहरुले जोड दिए । सार्वजनिक सुनवाइका क्रममा उठेका गुनासाहरुलाई आउँदा दिनमा सुधार गर्दै जनहितको पक्षमा काम गर्ने सुझाव दिएका थिए ।

घोराही उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम केसीले सेवाको गुणस्तरीयता सुधार गर्दै नागरिकलाई सन्तुष्ट बनाउने काम गर्ने बताउनुभयो । उपमहानगरबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउँदै कामकाजहरुलाई पारदर्शी बनाउन जनस्तरका गुनासो सुन्ने गरेको उहाँले बताउनुभयो । उहाँले नागरिकहरू "गुनासा सम्बोधन गर्न ०७४ देखि नै टोल फि.नं. समेत राखिएको जानकारी दिनुभयो ।

घोराही उपमहानगरपालिका उपमेयर सीता सिग्देल न्यौपानेले जनप्रतिनिधि तथा कर्मचारीहरुबाट भएका कमीकमजोरीबारे नागरिक तहबाट सुझाव आउन आवश्यक रहेको बताउनुभयो । 'हामीले गरेका सबै कामकाज राम्रा हुन्छन् भन्ने हुँदैन, काम गर्दै जाँदा कमीकमजोरी भएका हुनसक्छन्'- उहाँले भन्नुभयो- 'त्यस्ता कमीकमजोरी सुधार्न नागरिक तहबाट गुनासा र सुझावहरु निरन्तर आउन जरुरी छ ।' उपमेयर न्यौपानेले जनस्तरबाट आएका गुनासाहरुलाई सधैं सम्बोधन गर्ने र भएका कमीकमजोरीहरुलाई सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सार्वजनिक सुनुवाइका क्रममा उपमहानगरले चालु आर्थिक वर्षमा भएका चौमासिक गतिविधिहरुबारे जानकारी गराएको थियो । गतिविधि प्रस्तुत गर्दै उपमहानगरपालिकाका सूचना अधिकारी भीमबहादुर चौधरीले कुल बजेट दुई अर्ब १५ करोड २५ लाखमध्ये ५० करोड २६ लाख हालसम्म खर्च भएको जानकारी दिनुभयो । जस अनुसार चालुतर्फ ३६ करोड २५ लाख र पूँजीगततर्फ १४ करोड ५१ लाख खर्च भएको उहाँले बताउनुभयो ।

उपमेयर सीता सिग्देल न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा सहजीकरण ग्रामीण महिला उत्थान केन्द्रका कार्यक्रम संयोजक नवीन चौधरीले गर्नुभएको थियो ।